# के वनले खाद्य सुरक्षा प्रवर्द्धनमा टेवा पुऱ्याउन सक्छ ?

✍ कमल भण्डारी[1]

## १. पृष्ठभूमि

विश्वको बढ्दो जनसंख्यालाई आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको बहस संसारभरि एक प्रमुख विषयका रूपमा उठ्दै आएको छ । दिगो विकास लक्ष्यले सन २०३० सम्म पूरा गर्ने लक्ष्य मध्ये विश्वका ८ अरब जनसंख्याको खाद्य सुरक्षाको प्रसंगलाई अगाडि ल्याएको छ । जलवायु परिवर्तनको विषयले खाद्य सुरक्षालाई अझ पेचिलो बनाउँदै गरेको वर्तमान सन्दर्भमा भोकमारीसँग लड्न विश्वका अधिकांश देशलाई हम्मेहम्मे पर्दै गएको छ । विश्व समुदायमा बढ्दै गएको खाद्य संकटलाई समाधान गर्न वनले के कस्तो भूमिका खेल्न सक्छ भन्ने विषयमा बहस गर्ने समय आएको छ । पृथ्वीमा बढ्दै गरेको तापक्रम र त्यसले कृषिमा पारेको प्रत्यक्ष असर, जनसंख्याको बृद्धि, उद्योग धन्दाको लागि आवश्यक कच्चा पदार्थको उत्पादनले गर्दा पनि खाद्यसंकट बढ्दै गइरहेको वर्तमान परिवेशमा वनबाट आउने प्रत्यक्ष वा अप्रत्यक्ष खाद्यान्नले विश्वमा बढ्दै गरेको खाद्य अभावलाई सहयोग पुग्न सक्ने देखिन्छ । संसारमा अहिले पनि करोडौं मानिस वनबाट आउने खाद्यान्नमा प्रत्यक्ष रूपमा निर्भर छन् । यसै सन्दर्भमा फरेष्टएक्सन नेपालले नेपालको पूर्वी जिल्ला धनकुटाको राजारानी र मोरङको लेटाङ क्षेत्रका सामुदायिक वनसँगको छलफल र वन खाद्य सम्बन्धी विभिन्न लेखरचनाको अध्ययनका आधारमा यो लेख तयार पारिएको छ ।

सन १९९६ को विश्व खाद्य शिखर सम्मेलनले प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त, आफ्नो, आवश्यकता र चाहनाअनुसारको खानामाथि भौतिक र आर्थिक पहुँच भएको अवस्थालाई खाद्य सुरक्षित अवस्थाको रूपमा परिभाषित गरेको छ। खाद्य सुरक्षाको सवाल उत्पादन बढाएर मात्र नभई खाद्यान्नको दिगोपना, पर्याप्तता, पहुँच, गुणस्तर र न्यायोचिततासँग गाँसिएको छ (Steiner 2011)। विगत ५० वर्षको खाद्य उत्पादनलाई हेर्दा संसारमा जैविक विविधता र पर्यावरणमा आधारित कृषि पद्धतिले ठूलो भूमिका खेलेको देखिन्छ। संयुक्त राष्ट्रसंघ (सन २०११) को दूरदृष्टि योजनाले भविष्यमा खाद्य संकटलाई सम्बोधन गर्नका लागि जैविक विविधताको संरक्षण र पर्यावरणीय कृषि पद्धतिलाई जोडदिएको छ (Sunderland *et al.* 2011)। दिगो खाद्य उत्पादनका लागि प्राकृतिक प्रणाली साथै वन र रुखमा आधारित संरक्षणमुखी कृषि हुन सक्छ (Phelps *et al.* 2013)। बिग्रँदो वातावरण र यसका सेवाको प्रतिकूल प्रभाव सिधै खाद्य सुरक्षामा पर्न जान्छ (Arnold *et al.* 2011)। वन तथा जैविक विविधताको विनाश र पर्यावरणमा पर्ने प्रतिकूल प्रभाव सोझै कृषि उत्पादनसँग जोडिएको हुन्छ- जसका कारण सिंचाइको लागि पानीको अभाव, माटोको गुणस्तरमा कमी, परागसेचन, बीउको फैलावट, पोषण चक्र र जैविक विषादी र रोग किरा नियन्त्रणमा असर पर्ने हुन्छ- जसले गर्दा खाद्य असुरक्षा बढ्छ (Hajjar *et al.* 2008, Sunderland 2011)। वनजंगलको विनाशले कृषि उत्पादनमा सबैभन्दा महत्वपूर्ण मानिने बोटबिरुवाको परागसेचनमा असर पार्दछ (Garibaldi *et al.* 2011)। नेपालजस्तो कृषिप्रधान देशमा वन कृषिको अन्योन्याश्रित सम्बन्ध रहेको छ (भण्डारी र साथीहरु २०७२) । विश्व खाद्य संगठन (सन् २००९) को तथ्यांक अनुसार विश्वभर करिब १७ प्रतिशत जनसंख्या उचित खाद्यान्नबाट वञ्चित छन् र सन् २००८ मा मात्रै झन्डै १० करोड जति जनसंख्या खाद्य अभाव झेल्न विवश थिए ।

## २. नेपालमा खाद्य सुरक्षाको अवस्था

नेपालको संविधान २०७२ ले खाद्य सुरक्षालाई आधार भूत मानवअधिकारका रूपमा स्वीकारेको छ तथापि खाद्य सुरक्षा सम्बन्धी धेरै जस्तो नीति नियम, ऐन, कानुन ४० वर्षभन्दा पुराना छन् । पुरानो समय र परि स्थितिअनुसार बनाइएका नीति भूमण्डलीकरणले

१ लेखक फरेष्टएक्सन नेपालमा तालिम तथा वकालत विषेशज्ञका रूपमा कार्यरत हुनुहुन्छ । सम्पर्क kamal@forestaction.org

गर्दा बदलिँदो आजको अवस्थामा पक्कै पनि समय सान्दर्भिक छैनन् । नेपाल जस्तो प्राकृतिक रूपले उच्च जोखिम भएको देशमा, बाढी, पहिरो, भूकम्प आदिको अवस्थामा कसरी सर्वसाधारणलाई खाद्यान्न उपलब्ध गराउने भन्नेबारे कुनै पनि नीति, नियम छैनन् । खाद्य सुरक्षाको दृष्टिकोणमा नेपाल धेरै जोखिम अवस्थामा रहेको देशमा देखिन्छ । Global Hunger Index 2013 अनुसार, सर्वेक्षण गरिएको ८८ राष्ट्रमध्ये, नेपाल खाद्य संकटका हिसाबले ५७ औं स्थानमा (जोखिमयुक्त) पर्दछ । अझ निराशाजनक के छ भने नेपालको कुनै पनि विकास क्षेत्र मध्यम अथवा कम जोखिम क्षेत्रमा पर्दैनन् । यसैगरी विश्व खाद्य संगठनले सन् २०१२ मा गरेको एक अध्ययन अनुसार ६५ मध्ये ४२ जिल्लामा खाद्यान्न अपुग छ । नेपालका अरु विकास क्षेत्रभन्दा सुदूर पश्चिम र मध्यपश्चिमका जिल्ला खाद्यान्न सुरक्षाको हिसाबले उच्च जोखिमयुक्त छन् । अझ पहाडी भेगमा बसोबास गर्ने तथा कथित तल्लो जातका मानिसको खाद्य अवस्था दयनीय छ । माघदेखि चैत्रसम्म सबै क्षेत्रमा खाद्यान्न संकट बढेको पाइएको छ (नेपाल खाद्य सुरक्षा पत्रिका, २०१३) । यस प्रकारको खाद्य संकटको पहिलो असर महिला र बालबालिकामा पर्ने गर्दछ । नेपालको ४२%, ५ वर्षमुनिका बालबालिकामा पुड्केपनको समस्या छ र २९% बालबालिकामा सुकेनास देखिएको छ (CBS 2011) । कृषि मन्त्रालयको तथ्याङ्क अनुसार सन २०१० देखि २०१२ सम्म करिब ६६ अर्ब बराबरको तरकारी आयात गरेको छ । यसै समयमा रु ३९ अर्बको तयारी खाद्यान्न, रु ३२ अर्बको खाने तेल र रु ६ वर्षको पशुजन्य पदार्थ आयात भएको छ । सन २०१३ मा रु १५ अर्बको चामल र रु १ अर्बको दूधजन्य पदार्थ आयात गरिएको छ । यही समयमा चीनबाट ४ अर्ब बराबरको लसुन र भारतबाट १ अर्ब बराबरको प्याज भित्र्याइएको छ । करिब ४ अर्ब बराबरको फलफूल पनि आयात गरिएको छ- जसमा सुपारी १.६ अर्ब, नरिवेल १.७ करोड छन् । नेपालमा खाद्यान्नको उत्पादन गर्ने भन्दा विदेशबाट आयात गर्ने क्रम बढ्दै गएको र यसले नेपाली अर्थतन्त्रलाई कमजोर बनाउने देखिन्छ । यसका साथै अन्य क्षेत्र जस्तै मानव स्वास्थ्य, जमिनको प्रयोग, मानिसमा श्रम नगर्ने बानीको विकास, वैदेशिक रोजगारीमा आकर्षण बढाउने, हरेक वस्तुमा मूल्यवृद्धि गराउन सहयोग पुग्न सक्छ ।

## ३. नेपालमा वन र खाद्य सुरक्षाको सम्बन्ध

नेपालमा व्यवस्थापन गरिँदै आएका विभिन्न वन जस्तै कबुलियती वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती वन, संरक्षित वन, सरकारी वनले समुदायको खाद्य आपूर्तिमा सहयोग पुऱ्याएको छ । यीमध्ये पनि वन व्यवस्थापनमा समुदायको प्रत्यक्ष संलग्नता र अधिकारमाथिको स्वायत्तताले गर्दा सामुदायिक वनबाट उपभोक्ताको जीविकोपार्जन र विपन्न समुदायको खाद्य संकटलाई धेरै मात्रामा सहयोग गरेको छ । समुदायको नजिकमा संरक्षण तथा व्यवस्थापन गरिएका सामुदायिक वनबाट काठ, दाउराको आपूर्तिसँगै समूहका विपन्नले दैनिक साग, सिस्नो, निगुरो, फलफूल, पशुपालनबाट आफ्नो जीविकोपार्जनलाई सहज बनाएका छन् । यस्ता खाद्यान्नहरुमा समुदायका विपन्नको सहजै पहुँच पुग्ने, आवश्यक समयमा उपलब्धता हुने, वनमा पाइने यस्ता खाद्यान्न अर्गानिक र बढी पोषणयुक्त हुने, चाहेजति संकलन गर्न सकिने साथै उत्पादनमा लगानी नपर्ने भएकोले पनि खाद्य सुरक्षाका दृष्टिकोणले ज्यादै महत्व भएको पाइन्छ ।




**चित्र १: वन र खाद्य सुरक्षाको सम्बन्ध**

## ४. वनले खाद्य सुरक्षामा पुऱ्याउन सक्ने विभिन्न आयाम माथिको छलफल

वनबाट प्रत्यक्ष खाद्यान्न संकलन गर्न सकिने, रोजगारी र आम्दानी बढाउने, कृषिसँगको अन्तरसम्बन्धलाई निरन्तरता दिने, पर्यावरणीय सेवा र जैविक विविधतामा वृद्धि गर्ने र कृषि वन प्रणालीको विकास गर्न सकिने हुनाले खाद्य सुरक्षाको प्रवर्द्धन गर्न सामुदायिक वनको भूमिका महत्वपूर्ण हुने देखिन्छ । जसरी सामुदायिक वन कार्यक्रमले विश्वसामु नेपालको पहिचान दिएको छ- त्यसैगरी नेपाली ग्रामीण समाजमा जीविकोपार्जनको प्रमुख स्रोत पनि बनेको छ । हाल आएर विश्वमा नै चर्चा हुँदै आएको जलवायु परिवर्तनको असरलाई न्यूनीकरणमा सहित सामुदायिक वनको ठूलो योगदान पुगेको छ । छिट पुट रूपमा बाहिर आएका विभिन्न सवाल विशेष गरी समाजका अगुवा, हुनेखाने, टाठाबाटाको नियन्त्रणमा सामुदायिक वन रहेको र परम्परादेखि पशुपालन गर्ने, दाउरा, गोल, घाँस गरेर जीविकोपार्जन गर्ने साथै विपन्न र कमजोर वर्गले सामुदायिक वनबाट आउने प्रतिफलमा निर्णायक भूमिका खेल्न नसकेको कुरा विभिन्न सञ्चार माध्यममा नआएका होइनन् । यद्यपि २०६५ र २०७१ को सामुदायिक वन मार्गदर्शनले सामुदायिक वनको आम्दानी मध्ये ३५ प्रतिशत रकम समुदायका विपन्न वर्गको लागि अनिवार्य छुट्याउनुपर्ने प्रावधान ल्याएता पनि यसको कार्यान्वयन हुन नसकेका गुनासा प्रशस्त छन् । हाम्रो सामाजिक संरचना जस्तो छ- सामुदायिक वनमा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । सामुदायिक वनमा सामूहिकताले चति चर्चा पाए पनि हाम्रो समाज एउटा व्यक्तिको आदेशमा चल्ने गरेको प्रशस्त उदाहरणहरु छन् । हामीले जति लोकतन्त्रका कुरा गरे पनि हाम्रो सामाजिक संरचना भित्र एकल तन्त्रको भूमिका व्यापक रहेको छ । सामाजिक संरचना छ- त्यसको प्रत्यक्ष प्रभाव सामाजिक संस्थामा पर्नु स्वाभाविकै हो । सामुदायिक वनमा पनि एक नेतृत्वले धेरै हदसम्म काम गरेको हुनाले यस्ता खालका सामुदायिक वनलाई अध्यक्षमुखी भन्न सकिन्छ । अध्यक्षबाट माथि उठेर कार्य समितिले

सबै काममा सक्रियताका साथ लागेर अघि बढाएका समूहलाई समितिमुखी र समूहका सबै सदस्यले सामूहिक निर्णय र सामूहिक काम गर्ने परिपाटीको सामुदायिक वनलाई समूहमुखी सामुदायिक वन भन्न सकिन्छ । त्यसकारण नेपालमा भएका सामुदायिक वनलाई तीन वर्गमा विभाजन गरेर हेर्ने हो भने जुन समूहको आन्तरिक सुशासन दरिलो छ - त्यो समूहका गरिब वा विपन्नको अवस्था र हैसियतमा धेरै मात्रामा सुधार भएको पाइन्छ । सामुदायिक वन लोकतन्त्रको अभ्यास गर्ने थलो भएकोले पनि यसले गरेका राम्रा कामको अनुसरण अन्य क्षेत्रले गर्न सक्छ ।

झट्ट हेर्दा वन भनेको दाउरा, काठ, स्याउला सोत्तर, चरन आदिको लागि हो तर कसरी खाद्य सुरक्षामा योगदान दिन सक्छ ? यो प्रश्न जोसुकैमा पनि उठ्न सक्छ । यस लेखमा वनले खाद्य सुरक्षामा पुऱ्याउन सक्ने विभिन्न आयामको विश्लेषण गरिएको छ - जुन यस प्रकार रहेका छन्-

## क) प्रत्यक्ष खाद्यान्न

वनमा  आश्रित परिवारको गाँस, वास र कपासमा सजिलै पहुँच बढ्यो भने उनीहरुको जीविकोपार्जनमा सुधार भएको मान्न सकिन्छ । वनमा आश्रित समुदायले दैनिक रूपमा साग, सिस्नो, च्याउ, निगुरो, गिठ्ठा, फलफूल, माछा, घुँघी, सिंगडा, काउलो, गंगटा, भ्याकुर, तरुल, जंगली मौरीको मह, तामा लगायतका प्रत्यक्ष खाद्यान्न संकलन गरेर जीविकोपार्जन गर्ने कै यौं समुदाय छन् । धनकुटा जिल्लाको राजारानी स्थित सितली र सुम्निमा सामुदायिक वनका उपभोक्ताले आफूलाई आवश्यक पर्ने २६  प्रजातिका प्रत्यक्ष खाद्यान्न संकलन गर्ने गरेको पाइयो भने मोरङस्थित लेटाङ आसपासका सामुदायिक वनका उपभोक्ताले ३० प्रजातिका खाद्यान्न संकलन गर्ने गरेका छन् । आफ्नो जमिन कम भएका विपन्न वर्गका धेरै महिला वनमा विभिन्न किसिमका खाद्यवस्तु संकलन गर्न जाने गरेको पाइन्छ भने कृषिमा बढ्दो व्यवसायीकरण र बजारकेन्द्रित उत्पादनले बढीभन्दा बढी रसायन तथा विषादीको प्रयोग भएको हुँदा धेरैजसो मानिसको माग सकेसम्म जंगली तरकारी भएको बताउनुहुन्छ जनसेवा सामुदायिक वन लेटाङका अध्यक्ष डिलाराम राई । मोरङ जिल्लाका पथरी, लेटाङ, उर्लाबारी, मधुमल्ला, बेलबारी लगायतका बजारमा कृषिबाट उत्पादित तरकारीको तुलनामा वनबाट संकलन गरिएको तरकारीको माग बढी भएको पाइन्छ । एक व्यापारीका अनुसार वनबाट ल्याएको निगुरो, सिमेसाग, तरुलको बिक्री कैयौं गुणा बढी छ । पसलमा वनबाट ल्याएका प्रजातिहरु सिद्धिएपछि मात्र कृषिबाट उत्पादित तरकारी बिक्री हुने स्थानीय व्यापारीले बताए । सामुदायिक वन उपभोक्ता महासंघ मोरङका अध्यक्ष अग्नि पौडेलका अनुसार लेटाङङ क्षेत्रका १३ वटा सामुदायिक वनबाट वर्षको दुई करोड बराबरको निगुरो बिक्री हुने गर्दछ । मोरङको पथरी क्षेत्रमा सामुदायिक वनको काठबाट भन्दा बढी आम्दानी निगुरो र अन्य प्रजातिको तरकारीबाट हुने गरेको छ । धनकुटाको राजारानीका १० वटा सामुदायिक वनमा उत्पादन हुने ऐंसेलुको हिसाब गर्ने हो भने काठभन्दा कैयौं गुणा बढी हुने कुरा बताउनुहुन्छ सितली सामुदायिक वनका अध्यक्ष तत्बहादुर सोधेन । यसैगरी सितली सामुदायिक वनले २०७३ मा मात्र ४० हजारको सिमेसाग बिक्री गरेको छ । 'सिजन'अनुसार उत्पादन हुने वनजन्य प्रत्यक्ष खाद्यान्नको संकलनमा दाउरा, काठ, घाँस, सोत्तर संकलन गर्न जाँदा जति वन समितिको डर हुन्छ तर वनजन्य खाद्यवस्तु संकलन गर्न जाँदा डराउनुपर्दैन भन्नुहुन्छ कमलपुर महिला सामुदायिक वनकी उपभोक्ता यानु राई । सामुदायिक वनमा प्राकृतिक रूपमा हुने प्रत्यक्ष खाद्यान्नबाट कति परिवारको जीविका चलेको छ भन्ने तथ्यांक नभए पनि यसबाट पाइने पोषण भने कृषिबाट उत्पादित वस्तु भन्दा कैयौं गुणा बढी हुने कुरामा कुनै शंका छैन । प्रत्यक्ष खाद्यान्नको अर्को स्रोत हो जडीबुटी र मासुजन्य खाद्यवस्तु । वनबाट प्राप्त हुने यस्ता खाद्यान्नबाट नगद आर्जन गर्ने भन्दा पनि विपन्न र आदिवासी समुदायको जीविकोपार्जनमा प्रत्यक्ष टेवा पुऱ्याएको छ । यसले गर्दा वन भन्ने वित्तिकै काठ दाउरा बिक्री गरी ठूलो धनराशि जम्मा गर्ने ठाउँमात्र नभई कैयौं मानिसको खाद्य भण्डार हो भन्ने कुरामा सबैको ध्यान जानुपर्ने देखिन्छ ।

मोरङको लेटाङ र धनकुटाको राजारानी क्षेत्रका सामुदायिक वनमा पाइने प्रत्यक्ष खाद्यवस्तुका नाम यस प्रकार छन्-

मोरङको लेटाङ क्षेत्रका सामुदायिक वनमा पाइने प्रत्यक्ष खाद्यवस्तुमा निगुरो, सिमसाग सिस्नु, वनतरुल, कटुस, गिठ्ठा, भ्याकुर, कडी पत्ता, च्याउ, काउलो, जामुना, सरिफा, तामा, जंगली मौरीको मह, जिब्रे साग, सजिवन, पिपला, अमला, अर्चल, टिमुर, बेल, पानीलहरा, हर्रो, बर्रो, कुसुम

धनकुटाको राजारानी क्षेत्रका सामुदायिक वनमा पाइने प्रत्यक्ष खाद्यवस्तुहरु : सिन्कौली, ओखर, कटुस, सिस्नो, अलैंची, टिमुर, काउलो, काफल, ऐंसेलु, सिमेसाग, चुत्रो, घंघारुको दाना, गुराँसको फूल, तरुल, टोटालाको फूल, काभ्रोको कोसा, कोइरालाको फूल, चुलेत्रो, जलुको, निगुरो, वनकागती, कुरिलो, च्याउ, निगुरो, जंगली मौरीको मह

## ख) रोजगारी र आम्दानी

सामुदायिक वनले प्रत्यक्ष रोजगारी र आम्दानी दिइरहेको छ- जसबाट धेरैजनाको खाद्य सुरक्षामा टेवा पुर्‍याएको पाइन्छ। वनको रेखदेख गर्नको लागि वन हेरालु, काठ, दाउरा संकलनको कामदेखि लिएर काठ चिरानी, अम्रिसोको कुच्चो बनाउने, बाबियोका डोरी बाट्ने, कम्पोष्ट मल बनाउने, जडीबुटी संकलन, प्रशोधन तथा बिक्री वितरण, काठका सामान बनाउने, पातबाट टपरी उद्योग सञ्चालन गर्ने, जस्ता विभिन्न रोजगारी तथा आम्दानीको स्रोत सामुदायिक वन भएको छ। प्रत्यक्ष रूपमा काठ र दाउराबाट मात्र आम्दानीको स्रोत देख्ने सामुदायिक वनले अन्य स्रोतको परिचालनबाट पनि काठको बिक्रीभन्दा कैयौं गुणा बढी आम्दानी गरेको पाइन्छ। सामुदायिक वनबाट चारो संकलन गरेर धनकुटाको सुम्निमा सामुदायिक वनका नेत्र बहादुर राईले बंगुर पालन गरेका छन्। उनले यसबाट वार्षिक ३० हजार कमाइ गर्ने बताए। यसै गरी झापाको जामुन खाडी, चितवनको वागमारा र कंकाली, धनकुटाको सितली सामुदायिक वनले पनि काठबाहेक धेरै आम्दानी गरेका छन्। यस्ता कैयौं सामुदायिक वन छन्- जसले काठ, दाउराभन्दा पनि अन्य स्रोतबाट रोजगारी र आम्दानी बढाएका छन्। धनकुटाको सितली सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्रभित्रको एउटा ठूलो ढुङ्गामा नागको मूर्ति बनाएर नागबेली पार्क बनाएको छ। वर्षको एकपटक लाग्ने चण्डी पूर्णिमा मेलामा सो पार्कको अवलोकन गर्नेबाट २०७३ मा ३ दिनमा ४४ हजार रुपैयाँ उठेको थियो। सो वन भित्रको काली झरना, गुफा लगायत प्राकृतिक सौन्दर्यको अवलोकन गर्नेको संख्या बढ्दो मात्रामा छ र प्रत्येक शनिवार धरान, धनुकटा, विराटनगरदेखिका पर्यटक अवलोकन गर्न आउने गर्दछन्। प्रतिव्यक्ति रु. २५ को टिकट काटेर प्रवेश अनुमति दिइन्छ। वन र यहाँको पार्क अवलोकन गर्नेबाट वार्षिक ३ देखि ५ लाख रुपैयाँसम्म आम्दानी हुन थालेको छ। जम्मा ४१ घरधुरी भएको यो सामुदायिक वनका उपभोक्तामध्ये आधाजतिलाई यो समूहले हप्तामा १ दिन रोजगार दिएको छ। यसैगरी सितली सामुदायिक वनको नागबेली पार्क भित्र वाँसको घर बनाएर २६ वटा खरायो, २ वटा मृग र १८ वटा चाइनिज मुसा पालेको छ। नागवेली पार्क भित्र विभिन्न विभूतिको मूर्ति, नागको मूर्ति, जडीबुटी र फूलको नर्सरी बनाइएको छ। नागवेली आकारको खदम खोला, वरिपरि हरियाली वन, वनभित्रको काली झरना र गुप्तेश्वर गुफाको अवलोकन गर्नेको घुइँचो लाग्ने गरेको छ। प्रतिव्यक्ति रु. २५ को टिकट विक्री हुँदा पनि प्रतिमहिना रु १५ हजारभन्दा बढी उठ्ने गरेको छ। पर्यापर्यटनबाट प्राप्त रकमलाई घुम्ती कोषको रूपमा परिचालन गरिएको छ- जसबाट घरायसी समस्यालाई तत्कालको लागि समाधान गर्न सजिलो भएको तथा स-साना व्यवसाय चलाउन सहयोग पुगेको कुरा बताउनुहुन्छ समूहकी पूर्व सचिव टंकमाया लिम्बू।

यसैगरी मोरङको नमुना सामुदायिक वनको काठ चिर्ने काममा मात्र एक २०७०/७१ मा १२४०० जनाले रोजगार पाएका थिए। उत्तरी मोरङका सामुदायिक वनभित्र निगुरो टिप्नेको संख्या भने अनगिन्ती रूपमा रहेको छ। खासगरी वैशाखदेखि कार्तिकसम्म निगुरो संकलन हुन्छ यो बेलामा निगुरोको मेला नै लाग्ने गरेको र त्यहाँ किराना पसल, चटपटेदेखि लिएर चिया पसलसम्म चलेको हुन्छ। मोरङको कमलपुर सामुदायिक वनले कम्पोष्ट मल, बाँसका सामान

बनाउने, काठ चिर्ने, ४ जनालाई सिलाइकटाइ, ६ जनालाई कम्प्युटर, ५ जनालाई ड्राइभिङ तालिम दिएर रोजगारी सिर्जना गरेको छ । २०७३ सालमा मात्र काठ चिरानी गर्दा ४५ दिनसम्म दैनिक ४५ जनाले प्रति दिन रु ५०० का दरले रोजगारी पाएका थिए । यसरी हेर्दा १० लाख १२ हजार ५ सय रुपैयाँ सामुदायिक वनले काठ चिरान गर्नेलाई वितरण गरेको छ ।

## ग) कृषिसँगको सम्बन्ध

नेपाल कृषि प्रधान देश हो । यहाँका करिब ६६ प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेका छन् । यस सन्दर्भमा वन भन्ने बित्तिक्कै अप्रत्यक्ष रूपमा कृषिसँग जोडिएको छ । कृषिको लागि वन क्षेत्रको भूमिका अपरिहार्य रहेको छ । वन बिनाको दिगो कृषि कल्पना गर्न सकिन्न त्यसकारण वनले नेपालीको खाद्य सुरक्षामा प्रत्यक्ष भूमिका खेलेको देखिन्छ । विशेषगरी कृषिको लागि आवश्यक औजार, कम्पोष्ट मल, पशुपालन, जैविक विषादीको स्रोत वन नै हो । पशुपालनको लागि चरण, घाँस, स्याउला, सोत्तर, सिंचाइको लागि पानीका मुहान संरक्षण, माटोको उर्वरा शक्ति बढाउनको लागि जैविक मल, कृषि औजारको लागि हलो, जुवा, हरिस, दाँदे, मुडो, अनौ, कोदालो, हँसिया, खुर्पालगायत औजारको लागि बिंड आदि सबै वनबाट नै संकलन गरिन्छ । यसै गरी खेतीबालीको लागि परागसेचनको स्रोत पनि वन नै हो । धनकुटाको सितली र सुम्निमा सामुदायिक वनका उपभोक्ताले प्रत्येक घरमा सुँगुर पालेका छन् । सुँगुरको लागि दैनिक आवश्यक पर्ने चारो र सोत्तर वनबाट नै संकलन गरिन्छ । सुम्निमा सामुदायिक वनका अध्यक्ष हर्कसिंह राईका अनुसार सामुदायिक वनबाट सुँगरलाई चारो ल्याउन नपाउने हो भने यहाँका उपभोक्ताको आधा रोजीरोटी खोसिन्छ। उहाँ भन्नुहुन्छ- “सुँगरको मलबाट अर्गानिक आलु र काउली उत्पादन गरेर अर्को नमुना काम गरेका छन् । यहाँका ९१मध्ये ७० घरधुरीले बंगुर पाल्न गर्दछन् यदि सामुदायिक वनले चारो टिप्न प्रतिबन्ध लगाउने हो भने यो पेशा नै छोड्‌ नुपर्ने बाध्यता हुन्छ ।” उहाँ अगाडि थप्नुहुन्छ- धरानमा पाइने प्रख्यात कालो सुंगुर पालनको प्रमुख क्षेत्र पनि यही ठाउँ हो । राजारानी क्षेत्रका १० वटा सामुदायिक वनका उपभोक्तामध्ये ९२ प्रतिशतको खेतबारीमा लगाउने मलको स्रोत नै सामुदायिक वन हो । यसबाट मुख्यगरी अर्गानिक तरकारी उत्पादन गर्ने गरेको र यहाँको तरकारी धरान तथा विराटनगरमा सिधै विक्री हुने गर्दछ । अन्यत्रको भन्दा यहाँको तरकारीको माग बढी भएको छ । अधिकांश उपभोक्ताले कृषि उत्पादनमा रसायनको प्रयाग नगर्ने भएकाले पनि राजारानीमा भ्रमण गर्न आउने पर्यटकले यहाँको खाना मन पराउने गरेको तथा यहाँका हरेक होटलमा दैनिक ५ थरीका स्थानीय तरकारी पाक्ने गरेका पाइन्छ । सितली सामुदायिक वनका अध्यक्ष तत्त् बहादुर सोधेनका अनुसार राजारानीका सामुदायिक वन प्रत्येक घरधुरीका भण्डार हुन् र यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रविन्दु भनको यहाँ अर्गानिक उत्पादनबाट बनाइएका परिकार, वन र प्राकृतिक दृश्य नै हो । सामुदायिक वनबाट चारो र सोत्तर संकलनमा कहिल्यै पनि रोक लगाउन नपाइने भएकोले छिमेकी गाउँका उपभोक्ताबाट हुने चोरी निकासीलाई भने नियन्त्रण गर्न गाह्रो भएको गुनासो छ सुम्निमा सामुदायिक वनका उपभोक्ता चन्द्रकुमार लिम्बूको । यसैगरी मोरङका नमुना र कमलपुर सामुदायिक वनमा चरिचरन नियन्त्रणको कुरा उठाउने व्यक्ति जहिले पनि पछि पर्ने गर्दछ कारण हो यहाँको पशुपालन गर्ने प्रमुख स्रोत नै वन हो । काठ नभए सामुदायिक वन चल्छ तर पशुको लागि स्याउला, सोत्तर र चरन बन्द गर्ने कुरा आयो भने सामुदायिक वन नै अगाडि जान नसक्ने अवस्था रहेको भनाइ छ कमलपुर सामुदायिक वनकी अध्यक्ष नैलाकला ढुंगेलको । यसरी कृषिको दिगो उन्नति गर्नको लागि सामुदायिक वन एक अंग बन्दै गएको अवस्था छ ।

## घ) कृषि वन प्रणाली

वनबाट खाद्य सुरक्षाको प्रवर्द्धन गर्न सकिने अर्को पाटो भनेको कृषि वन प्रणाली हो । नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय वन विभागको सामुदायिक वन महाशाखाले २०७१ सालमा प्रकाशन गरेको सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा सामुदायिक वन उपभोक्ता समूहका विपन्न वर्गको लागि वन भित्रको

खाली जग्गामा एक वर्षभित्रै प्रतिफल दिनेखालका नगदे बाली, भुइँघाँस, गैर काष्ठ वन पैदावारका बोट बिरुवा लगाउन सकिन्छ । यसरी प्रयोग गर्न दिइएको वन क्षेत्रमा भुइँघाँस, डाले घाँस, अलैंची, विभिन्न जडीबुटी (कुरिलो, सर्पगन्धा, सेतो मुस्ली आदि) र फलफूलका बिरुवा लगाउन सकिन्छ भनेर उल्लेख गरिएको छ । यो मार्गदर्शनलाई मध्यनजर गर्दै धेरै सामुदायिक वनमा विपन्न वर्गको पहिचान गरी वनको खाली जग्गामा माथि उल्लेख भएअनुसारको कृषि वन बनाएर समूहमा खाद्य सुरक्षा प्रवर्द्धन गरेका छन् । मोरङको लेटाङस्थित कमलपुर महिला र नमुना सामुदायिक वन उपभोक्ता समूह र धनकुटास्थित राजारानीका क्षेत्रका सितली र सुम्निमा सामुदायिक वनभित्रको खाली जमिनमा कृषि वन प्रणालीको विकास गरेका छन् । ती समूहले सम्बन्धित ठाउँमा हुने सिन्कौली, आँप, लिची, केरा, कुरिलो, अम्बा, कागती, कटहर, सरिफा, बडहर, टाँकी, काभ्रो, सर्पगन्धा, ओखर, खन्युजस्ता प्रजातिहरु लगाएर खाद्य सुरक्षा प्रवर्द्धनमा लागेका छन् ।

**तालिका १: ४ वटा सामुदायिक वन उपभोक्ता समूहले प्रवर्द्धन गरेको कृषि वन प्रणालीको विवरण**

| क्र.स. | सामुदायिक वनको नाम | क्षेत्रफल | घरधुरी संख्या (विपन्न मध्येबाट) | लगाएका प्रजाति |
|---|---|---|---|---|
| १ | नमुना सा.व.उ.स. मोरङ | ०.५ हेक्टर | २१ | सिन्कौली, आँप, कटहर, अम्बा, कागती, लिची, सरिफा, कुरिलो, केरा, चिनी लहरा, सर्पगन्धा, बाँस, बडहर, टाँकी |
| २ | कमलपुर महिला सा.व.उ.स. मोरङ | १.५ हेक्टर | ११ | आँप, लिची, एभोकाडो, कटहर, तेजपात, सजिवन, बेसार, अदुवा |
| ३ | सितली सा.व.उ.स. धनकुटा | ६ हेक्टर | ४१ | ग्राउण्ड एप्पल, रिठ्ठा, टाँकी, अम्रिसो, सिन्कौली, बाँस, अलैंची |
| ४ | सुम्निमा सा.व.उ.स. धनकुटा | | | ओखर, पाखनवबेद, अलैंची, चिराइतो, |

स्रोत : सम्बन्धित सा.व.उ.स.का कार्यसमितिसँगको छलफल २०७३

यी सामुदायिक वनले यसरी कृषि वनको प्रणालीसँगै समूहका आम्दानीमध्येको ३५ रकम छुट्याएर विपन्न वर्गको लागि बाखापालन, गाईपालन, मौरीपालन, बंगुरपालन, नर्सरी निर्माण र बिरुवा वितरण जस्ता कार्यक्रम सञ्चालन गरेका छन् । यस्ता कार्यक्रमबाट समूहका विपन्न समुदायको खाद्य सुरक्षामा टेवा पुगेको कुरा नमुना सामुदायिक वनका अध्यक्ष गोपाल शर्मा बताउनुहुन्छ ।

## ङ) पर्यावरण सेवा र जैविक विविधता

वनले पर्यावरण सेवा र जैविक विविधतामा ठूलो योगदान पुऱ्याएको छ- जसबाट समुदायको खाद्य सुरक्षामा टेवा पुऱ्याएको पाइन्छ । समुदायले संरक्षण गरेका वनमा पानीका स्रोत बढेका छन् । यी स्रोतबाट पिउने पानी, सिंचाइ र साना जलविद्युत्लाई समेत टेवा पुगेको छ । वनवरपरको क्षेत्रमा चिस्यान बढेको र विभिन्न प्रजातिका वनस्पति र वन्यजन्तुको आगमनसँगै पर्यापर्यटन व्यवसायमा वृद्धि हुने भएको छ । कतिपय सामुदायिक वन उपभोक्ता समूहहरुले जैविक मल र विषादी बनाएर जैविक खेती प्रणालीको विकास गरेको उदाहरण प्रशस्त छन् । धनकुटाको सितली सामुदायिक वनको संरक्षणसँगै पानीको स्रोत बढेपछि यहाँको काली झरनाबाट ४१ घरधुरीमा पेल्ट्रिक सेटबाट बिजुली बालिएको थियो । हाल आएर राष्ट्रिय प्रसारणको बिजुली आएपछि सो पेल्ट्रिक सेट बन्द गरेको कुरा बताउनुहुन्छ समूहका अगुवा रबिन च्याम्जुङ । सितली सामुदायिक वनभित्र पानीका मूलमा भएको वृद्धिसँगै यहाँको खदम खोलाको पानीबाट तल्लो तटीय

क्षेत्रमा सिंचाइ र अलैंची खेतीको उत्पादन बढेको छ । विगत ३ वर्षबाट सो क्षेत्रको सुख्खा जमिनमा बाह्रै महिना हरियाली बढेको छ । समूहका ६ घर घरधुरीले आफ्नो जग्गामा खोलाको पानीलाई सदुपयोग गरी अलैंची रोपेका छन् । गत वर्षबाट वार्षिक २० लाख रुपैयाँको अलैंची बिक्री हुन थालेको कुरा समूहका अध्यक्ष तत्वबहादुर सोधेन बताउनुहुन्छ । खदम खोलाबाट बग्ने पानी मोरङ जिल्लाको पाटीगाउँ, सिंहदेवी, याङसिला गा.वि.स.का ३०० घरधुरीले सिंचाइको लागि प्रयोग गरेका छन् भने मोरङ जिल्लाकै केराबारी गा.वि.स.का करिब ५०० घरधुरीले यो खोलाबाट बग्ने पानी पिउनको लागि प्रयोग गर्दै आएका छन् । पानीको मुहान संरक्षण गरेबापत समूहले हालसम्म केही शुल्क लिएको छैन तर समूहभित्रैका ६ घरधुरीले अलैंची उत्पादनमा पानी प्रयोग गरे बापत वार्षिक प्रतिघरधुरी रु. १५ सय शुल्क सामुदायिक वन उपभोक्ता समूहलाई बुझाउने निर्णय भएको छ । सामुदायिक वनमा दुम्सी, खरायो, वन कुखुरा, स्याल, मृग, लुइँचे, निगाले बाघ र विभिन्न किसिमका चराको वृद्धि भएको छ । यसले वनमा आउने पर्यटकको थप आकर्षण बढेको छ । वनमा विभिन्न जातका फलफूल र प्रजातिको वृद्धि हुन थालेसँग गाउँमा मौरीपालन पनि फस्टाउँदै गएको छ । मोरङको कमलपुर सामुदायिक वन उपभाक्ता समूहको कार्यालय भित्रै मौरीका १० वटा घार छन् । यसैगरी सो समूहले वनमा भएको झाडी सफाइ गरी जैविक मल बनाउन थालेको छ । यसबाट समूहका सदस्यले अर्गानिक तरकारी उत्पादन गर्न थालेका छन् । वनको संरक्षणमा समुदायका मानिस जुटेपछि जैविक विविधतामा वृद्धि भएकोले राजारानी क्षेत्रमा प्रत्येक शनिवार विराटनगर, धरान, भेडेटारबाट जाने पर्यटकको घुइँचो लाग्ने गरेको छ । बिदाको दिनमा कर्मचारी, विद्यार्थी, र व्यापारी गरीब १५० जनाजति आउने गरेको कुरा बताउनुहुन्छ सामुदायिक वनका स्थानीय सहजकर्ता रत्न मगर । नमुना सामुदायिक वन उपभोक्ता समूह लेटाङले जलवायु परिवर्तनको असरलाई न्यूनगर्नमा सामुदायिक वनले पुर्‍याएको भूमिका र यहाँको सहरीकरणसँगै कार्बन सञ्चितिमा वनले पुर्‍याएको योगदानबारे समुदायमा सचेतना कार्यक्रम सञ्चालन गरेको छ । यसका साथै वनमा हुन सक्ने डढेलो रोकथाम गर्न यो क्षेत्रका १३ वटा सामुदायिक वनको अगुवाइ गर्दै वनमा आगो नै लाग्न नपाउनेजस्ता कार्यक्रम अघि सारेको छ । सामुदायिक वनका यस्ता कार्यक्रमले वातावरणमा अनुकूल प्रभाव पारेको बताउनुहुन्छ लेटाङका समाजसेवी आनन्दसागर तिम्सिना ।

## ५. सामुदायिक वन र खाद्य सुरक्षाका चुनौती

नेपालमा सामुदायिक वन भन्ने बित्तिक्कै काठ, दाउरा, स्याउला, सोत्तर र स्थानीय विकासका काम गर्न पैसा दिने ठाउँको रूपमा हेरिन्छ र सामुदायिक वनले समुदायको खाद्य सुरक्षामा टेवा पुर्‍याउन सक्ने दृष्टिकोणबाट हेर्ने परिपाटीको विकास भएको पाइन्न । विशेष गरी खाद्य सुरक्षामा खाद्यान्नको उत्पादन, पोषणयुक्त खाना, पहुँच र उपलब्धतालाई हेरिने भएकोले सामुदायिक वनको वरपर बस्ने समुदायले वनको संरक्षणमा जति धेरै योगदान दिएका छन्-सोहीअनुसार वनबाट प्रतिफल पाउन सकेका छैनन् । समाजका टाठाबाठाको बोलवाला हुने हँदा समूहको नियम बनाउनमा पनि उनीहरुकै बढी हात हुने गर्दा समुदायका विपन्न र पहुँच कम हुनेले आफूअनुकूलको विधान कार्ययोजना बनाउन गाह्रो हुने गरेको छ । त्यसको ज्वलन्त उदाहरण भनेको सामुदायिक वनको विधान र कार्ययोजना अनुसार काम हुन नसक्नुपनि हो । धरैजसो सामुदायिक वनका उपभोक्तालाई विधान र कार्ययोजनामा के/कस्ता प्रावधान छन् भन्नेबारेमा थाहा नभएको पाइन्छ । सामुदायिक वनका नियम विशेषगरी दैनिक वन प्रवेश गर्न नपाइने, समुदायका सबै वर्ग, जात र लिङ्गलाई एउटै नियम लगाइने, सामुदायिक वनलाई काठ, दाउरा संकलन र बढी नगद आर्जन गर्ने स्रोतका रूपमा पहिचान गराउने, समुदायमा गरिने विभिन्न सामुदायिक विकासका काममा सामुदायिक वनको स्रोत खर्च गरिने, समाजका धनी र पहुँचवाला किसानले पशुपालन बढी गर्ने भएकाले उनीहरुले वनमा सधैं चौपायालाई अनियन्त्रित चरन गराउने, सामुदायिक वनका बैठक भेला, तालिम,

गोष्ठीमा समूहका विपन्न वर्गलाई सहभागी नगराउने तथा कार्य समिति र अन्य उपसमितिमा उनीहरुको प्रतिनिधित्व कम हुनुले पनि विपन्नहरुले सामुदायिक वनबाट खाद्य सुरक्षाका चुनौती रहेका छन् ।

सामुदायिक वनबाट प्राप्त हुने आम्दानीको ३५ प्रतिशत रकमलाई समुदायका विपन्न दलित, महिला र आदिवासीको जीविकोपार्जनमा खर्च गर्ने प्रावधान छ तर धेरैजसो सामुदायिक वनमा यसको कार्यान्वयन भएको पाइन्न । कतिपय सामुदायिक वनले उक्त ३५ प्रतिशत रकमबाट विपन्न वर्गलाई बाखा र बंगुर पालनमा सहयोग गरेका छन् तर बाखा र बंगुरलाई आवश्यक पर्ने घाँस र चारो संकलन गर्न वन प्रवेशमा निषेध गरिएको छ । यसरी परम्पराबाट वनमा प्रत्यक्ष खाद्यवस्तु संकलन गर्दै आएका समूहलाई भने त्यति सहज हुन सकेको पाइन्न । यी त भए समूहभित्रका आन्तरिक चुनौती । यसैगरी नीतिगत चुनौती पनि कम छैनन् । खासगरी वनको परिभाषाभित्र रुखबिरुवाले ढाकेको छत्र ढकनी, बायोमास र जैविक विविधतामा सीमित भएका कारण वनलाई केवल काठ, दाउराको स्रोतका निम्ति मात्र लिइएको छ । अध्ययन गरिएका ४ वटा सामुदायिक वनमध्ये धनकुटाको सितली सामुदायिक वनमा पर्यटन प्रवर्द्धनको लागि बनाइएको नागको मूर्ति तथा ससाना संरचना बनाउनको लागि नीतिगत प्रावधान नभएको हुँदा समूहमा सधैं डरत्रास रहेको पाइएको छ । काठको चिरान, बेचबिखन, आन्तरिक ओसारपसार गर्नको लागि जिल्ला वनसँग लिनुपर्ने पटके अनुमति प्रक्रिया झन्झटिलो हुने गरेको छ । समुदायमा जसको खाद्य असुरक्षित छ- उसैको सुरक्षा बढाउने कुरा आउँछ । झट्ट हेर्दा समुदायका सबै वर्गको खाद्य सुरक्षा प्रवर्द्धन गर्ने मुख्य सवाल आउँछ तर यो सामाजिक न्यायका दृष्टिकोणबाट सही नहुन सक्छ । समुदायमा आफ्नै जग्गाजमिन हुने, कुनै सरकारी वा गैर सरकारी संस्थामा काम गर्ने वा कुनै पसल वा व्यवसाय गर्ने परिवारको खाद्य सुरक्षा बढाउने भन्दा पनि जसको यी माथि उल्लेख गरिएका स्रोत छैनन्- जीविकोपार्जनका वैकल्पिक आधार नभएका उपभोक्ताको खाद्य सुरक्षा प्रवर्द्धन गर्ने प्रमुख चुनौती रहेको छ ।

## ६. निष्कर्ष

नागरिकहरुको स्वास्थ्य तथा सक्रिय जीवनयापनका लागि बाह्रै महिना सुरक्षित, पोषणयुक्त र रुची अनुसारको खाना खान पाउनु खाद्य सुरक्षा हो । यसको लागि राज्यले भौतिक तथा आर्थिक पहुँच पुग्ने वातावरणको सृजना गर्नुपर्छ । स्थानीय समुदायको खाद्य सुरक्षा प्रवर्द्धन हुन सकेमा मात्र राष्ट्रिय समृद्धिको कल्पना गर्न सकिने भएकोले नेपालको वन क्षेत्रलाई अब खाद्य सुरक्षा प्रवर्द्धनको दृष्टिकोणबाट हेरिनु जरुरी रहेको देखिन्छ । विशेषगरी दिगो र पोषणयुक्त खाद्यान्नको आधार वन भएकोले यसको खाद्य सुरक्षामा पुऱ्याउने बहुआयामिक क्षेत्रको विश्लेषण गरी वनबाट स्थानीय समुदायको खाद्य सुरक्षालाई सम्बोधन र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति तथा संस्थागत संरचना निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता छ । ग्रामीण जनताको खाद्य सुरक्षा प्रवर्द्धन गर्न, वनबाट हुने आर्थिक र सामाजिक फाइदालाई आत्मसात् गर्न, समृद्धिका लागि वनको नारालाई आत्मसात् गर्नको लागि पनि वनले खाद्य सुरक्षामा पुऱ्याउनको लागि यससम्बन्धी नीति निर्माण गरी यसको प्रभावकारी कार्यान्वयन गर्नमा सबै को ध्यान जानुपर्ने देखिन्छ । सामुदायिक वनभित्रको खाली ठाउँमा कृषि वन प्रणालीको विकास गर्नको लागि नीतिगत स्पष्टता नभएको पाइन्छ । वनमा खाद्य सुरक्षा भन्नेबित्तिकै वन फाँडेर अन्नबाली नै लगाउन खोजेको हो भन्ने धेरैजसो वन कर्मचारीबाट पाइएकोले यसको परिभाषालाई फराकिलो बनाउनुपर्ने देखिन्छ । सामुदायिक वनले ग्रामीण समुदायको खाद्य सुरक्षामा टेवा पुऱ्याउन सक्ने आधार लेखमा उल्लेख गरिएका ४ वटा सामुदायिक वनले पनि देखाएका छन् तर सँगै देखिका केही चुनौतीलाई समूहभित्र र बाहिरबाट सामना गर्नको लागि नीतिगत संयन्त्र हुनुपर्ने देखिन्छ ।स्थानीय समुदाय समृद्ध भएमात्र राष्ट्रको समृद्धि हुने भएकोले खाद्यलाई आधारभूत मानव अधिकारको रूपमा लिनुपर्ने प्रावधान वर्तमान संविधानले उल्लेख गरेको हुँदा यसको अक्षरशः पालना गर्ने हो भने नेपालमा संस्थागत रूपले विकास भएका करिब २० हजार सामुदायिक वनको भूमिकालाई नकार्न सकिने अवस्था नभएकोले वनले खाद्य सुरक्षामा टेवा पुऱ्याउन सक्छ भन्ने कुरालाई सबैले चिन्तनमनन गरी कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।

## ७. सन्दर्भ सामग्री


**Arnold, J.E.M., Powell, B., Shanley,P. and Sunderland, T.C.H.** 2011. Forests, Biodiversity and food security. International Forestry Review **13**(3) 259-264.

**CBS.** 2011. Nepal - Nepal Living Standards Survey 2010-2011. Central Bureau of Statistics. National Planning Commission Secretariat. Government of Nepal.

Garibaldi, **L.A., Aizen, M.A., Klein, A.M., Cunningham, S.A. and Harder, L.D.** 2011. Global growth and stability of agricultural yield decrease with pollinator dependence. Proceedings of the National academy of Science **108** (49) : 19653-19656.

**Hajjar, R. Jarvis, D.I. and Gemmill-Herren, B.** 2008. The utility of crop genetic diversity in maintaining ecosystem services. Agriculture, Ecosystem and environment **123**(4): 261-70.

**Phelps. J. Carrasco, L.R., Webb. E.L., Koh, L.P. and Pascual, U.** 2013. Agricultural intensification escalates future conservation costs. Processing's of the National Academy of Science of the United States of America.

**Steiner, A** 2011. Conservation and farming must learn to live together, New scientist **210**(2808) 28-29

**Sunderland , T.C.H.** 2011, Food security : why is biodiversity important ? International Forestry Review **11** (3): 265-274.

**कमल भण्डारी, उदिप रेग्मी, कृष्ण पौडेल, र नयाँ शर्मा** । २०७२ । सामुदायिक वनमा खाद्य सुरक्षा प्रवर्द्धन सम्भावना र चुनौती, वहस शृङ्खला ३५ । फरेष्टएक्सन नेपाल ।

**नेपाल सरकार** । २०४९ । वन ऐन । वन तथा भूसंरक्षण मन्त्रालय । नेपाल सरकार । काठमाण्डौं

**नेपाल सरकार** । २०५१ । वन नियमावली । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय वन विभाग, सामुदायिक वन महाशाखा । काठमाण्डौं

**सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन** । २०७१ । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय वन विभाग, सामुदायिक वन महाशाखा । काठमाण्डौ नेपाल ।